annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३७, पृष्ठ ८ | काठमाडौं, शनिबार २३ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४६ | SATURDAY, JUNE 6, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# ओहायोको मेडिकेड दुरुपयोग प्रकरणमा जोडिए नेपालीभाषी भुटानी

अमेरिकाको ओहायो राज्यमा मेडिकेड कार्यक्रममा भएको भनिएको ठूलो ठगी प्रकरणमा केही भुटानीमूलका नेपालीभाषी आप्रवासी व्यवसायीहरूको नाम सार्वजनिक भएको छ। एक अमेरिकी पत्रकारले यस विषयमा लगातार समाचार लेखेपछि संसदीय सुनुवाइसमेत भएको छ र केही भुटानी व्यवसायीमाथि गम्भीर आरोप लगाइएको छ। यो प्रकरणमा सिंगो समुदायलाई नै मुछ्ने कोसिस गरिएको भन्दै भुटानी समुदायका अगुवाहरूले चिन्ता व्यक्त गरेका छन्।

अन्नपूर्ण | अमेरिका

विस्तृत पृष्ठ २

**हेल्थकेयर सेन्टरले अमेरिकी सरकारबाट प्राप्त गरेको रकम**

| कम्पनी | अधिकारी/सञ्चालक | रकम (डलरमा) |
|---|---|---|
| अमेरिकेयर हेल्थकेयर सर्भिसेज इन्क | डिल्लीराम अधिकारी | १२८,९००.००० |
| सेरेनिटी होम हेल्थ एजेन्सी, एलएलसी | डिल्लीराम अधिकारी | ७४,२००.००० |
| इन्ट्रा-नेसनल होम केयर, एलएलसी | डिल्लीराम अधिकारी | ६०,३००.००० |
| मदिना होम हेल्थकेयर एलएलसी | निर्मला अधिकारी | २१,८००.००० |
| अलमिस होम हेल्थकेयर | हरि अधिकारी | १८,८०० .००० |
| सेन्टरलाइट होम केयर एलएलसी | खडानन्द अधिकारी | १६,५७७ .२५४ |
| चेन्जिङ लाइभ्स होम केयर | डिक्सन अधिकारी | १०,२१३ .१८६ |
| ओएसिस होम केयर एलएलसी | रमेश अधिकारी | ७,६४१.०६० |
| होराइजन हेल्थकेयर सेन्टर एलएलसी | मेघ अधिकारी | ४,७००.००० |
| हाल्गान हेल्थ एजेन्सी एलएलसी | सोनिया अधिकारी | १,६६९ .४०५ |
| कुल | | ३४४,८००.९०५ |




डिल्लीराम अधिकारी

निजी जेटसहित रोशन अधिकारी।

भारतबाट फर्केपछि रवि-

## ‘सीमा विवाद कूटनीतिक संयन्त्रबाटै सुल्झाइन्छ’

अन्नपूर्ण | काठमाडौं

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पाँच दिने भारत भ्रमण पूरा गरी शुक्रबार साँझ स्वदेश फर्किएका छन्। झन्डै दुईतिहाइ नजिकको वर्तमान सरकार गठन भएपछि पहिलोपटक छिमेकी मुलुक भारतको औपचारिक भ्रमणमा गएका लामिछानेले आफ्नो भ्रमणबाट नेपाल-भारत सम्बन्ध ‘रिसेट’ गर्न मद्दत पुग्ने दाबी गरेका छन्।

भारतीय जनता पार्टी (भाजपा)को निमन्त्रणामा गएका सभापति लामिछानेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै भ्रमण पूर्ण रूपमा पारदर्शी र स्पष्ट गन्तव्यसहितको रहेको जिकिर गरे। कार्यवाहक राजदूतको उपस्थितिमै विभिन्न द्विपक्षीय संवादहरू भएको जानकारी दिँदै उनले यसअघिका अपारदर्शी र लुकीछिपी गरिने सम्बन्धभन्दा यो भ्रमण फरक रहेको बताए।

भ्रमणका क्रममा दुई देशबीचको संवेदनशील मानिएको सीमा विवादबारे सोधिएको प्रश्नमा



सभापति लामिछानेले कूटनीतिक माध्यम र सम्बन्धित च्यानलहरूलाई सक्रिय बनाएर चरणबद्ध रूपमा उठाइने बताए। लोकप्रियताका लागि सार्वजनिक रूपमा हल्ला गर्ने प्रवृत्तिको आलोचना गर्दै उनले यस विषयलाई गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिए। ‘कुनै पनि विषय कूटनीतिको माध्यमबाट, डिप्लोमेटिक च्यानल एक्टिभ गराएर गरिने कुरा सबैभन्दा महत्त्वपूर्ण हुन्छ। तिनको आवाज हल्ला गरेजस्तो ढोल बजाएर हुँदैन। ढोल नबजाइ आफ्नो देशका बारेमा गर्ने कुराहरू गर्नुपर्ने ठाउँमा चरणबद्ध तरिकाले गर्नुपर्ने हुन्छ,’ लामिछानेले भने।

अभियन्ता, पत्रकार र राजनीतिक दलले उठाउने विषयको संवेदनशीलता फरक हुने उल्लेख गर्दै उनले राष्ट्रिय हितका विषयमा परिपक्व र जिम्मेवार ढंगले अघि बढ्नुपर्ने बताए। साथै, नयाँ सरकार बनेको धेरै समय नभएकाले सीमालगायत दीर्घकालीन विषयमा काम गर्ने पर्याप्त अवसर बाँकी नै रहेको उनको भनाइ थियो।

विमानस्थलमा सञ्चारकर्मीहरूले लामिछानेलाई ‘अब तपाईं प्रधानमन्त्री बन्ने हल्ला छ नि ? ’ भनी सोधेको प्रश्नमा उनले सीधा जवाफ दिन इन्कार गरे। प्रतिपक्षी दलहरूले गरेका टिप्पणीप्रति लक्षित गर्दै उनले भने, ‘म केही भन्न चाहन्नँ। निर्वाचन अगाडि हामीले लेखेको कागज एकपटक पढ्न आग्रह गर्न चाहन्छु।’

आफ्नो पार्टीलाई जनताले राजनीतिक स्थिरताका लागि मतदान गरेको र रास्वपा सोही वाचामा अडिग रहने स्पष्ट पार्दै उनले आफूहरू कुनै पनि हालतमा राजनीतिक अस्थिरताको पक्षमा नरहेको दाबी गरे। नयाँ सरकार गठन भएसँगै मित्र राष्ट्रसँग लगानी, सहकार्य र वर्षौंदेखिको सद्भावपूर्ण सम्बन्धका आधारमा मुलुकले कस्तो लाभ लिन सक्छ भन्नेबारे भ्रमणका क्रममा छलफल सुरु भएको उनले बताए।

‘परराष्ट्रकै जवाफ आधिकारिक’

प्रधानमन्त्री वालेन्द्र शाह दिएको अभिव्यक्ति र त्यसपछि उत्पन्न विवादबारे टिप्पणी गर्दै लामिछानेले परराष्ट्र नीति र छिमेकी सम्बन्ध कुनै पार्टी विशेषको नभई राष्ट्रको हुने स्पष्ट पारे। प्रधानमन्त्रीको अभिव्यक्तिबारे परराष्ट्र मन्त्रालयले जारी गरेको आधिकारिक स्पष्टीकरण र विज्ञप्ति नै सरकारको औपचारिक दृष्टिकोण भएको भन्दै उनले यस विषयमा आफ्नो छुट्टै धारणा आवश्यक नरहेको बताए।

» बाँकी पृष्ठ ६

अन्नपूर्ण फलोअप

## छानबिन टोली मुस्ताङमा

**मुस्ताङ** (अन्नपूर्ण): चीनको कोरलानाकाबाट भित्रिएका विद्युतीय सवारीसाधन आयातमा कैफियत रहे/नरहेको छानबिन गर्न अर्थमन्त्रालयद्वारा गठित समिति मुस्ताङ पुगेको छ।

भन्सार विभागका निर्देशक भूपालराज शाक्यको नेतृत्वमा रहेको तीन सदस्यीय टोलीले बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ पुगेर अनुसन्धान सुरु गरेको हो। टोलीले पोखराको हेम्जामा ९८ वटा, पर्वतको कुश्मामा १७ वटा र मुस्ताङको जोमसोम बसपार्कमा पार्किङ गरी राखिएका २६६ वटा विद्युतीय सवारीसाधनको स्थलगत अनुगमन गरिसकेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुँडालले जानकारी दिए।

गत भदौदेखि सञ्चालनमा आएको कोरलानाकाबाट जेठको दोस्रो साता चिनियाँ कम्पनी बीवाईडीका ७७५ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएका थिए, जसमध्ये ६४९ वटाको भन्सार जाँचपास भइसकेको छ। विद्युतीय सवारीसाधन आयातमा भएको गडबढीबारे प्रधानमन्त्री कार्यालयले समेत चासो लिएको छ।

भित्री पृष्ठ



अदृश्य इतिहासमा क्षमाको त्यान्द्रो - पृष्ठ ३



अध्यात्मको अन्तर्राष्ट्रिय बाटो - पृष्ठ ४



हिमालको छायाँदेखि सफारी टुरिजमसम्म - पृष्ठ ५



रोमानिया पठाउने बहानामा म्यानपावरको ठगी धन्दा - पृष्ठ ७

## खुला ईपीजीको चाबी

राधा खनाल | काठमाडौं

नेपाल-भारत सम्बन्धलाई २१औं शताब्दी अनुकूल बनाउन दुई वर्ष लगाएर २०७५ सालमा तयार पारिएको ईपीजी प्रतिवेदन भारतले बुझ्न नमान्दा कार्यान्वयन अन्योलमा परेको छ।

परराष्ट्रमन्त्री शिशिर खनालको भारत भ्रमणको एक दिनअघि बिहीबार नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी)को नेपालतर्फका संयोजक डा. भेषबहादुर थापाले ईपीजी प्रतिवेदन राखिएको दराजको साँचो परराष्ट्र मन्त्रालयलाई बुझाए। मन्त्री खनाल र परराष्ट्र सचिव अमृतबहादुर राईले साँचो बुझेका थिए।

ईपीजी प्रतिवेदन तयार भएको ८ वर्षसम्म पनि दुवै देशका प्रधानमन्त्रीले बुझ्ने मेसो नमिलेपछि वयोवृद्ध थापाले सरकारलाई चाबी बुझाएका थिए। परराष्ट्रसचिव राई भन्छन्, ‘दुवै देशका प्रधानमन्त्रीले बुझ्ने (प्रतिवेदन) विषय हो। अहिले चाहिँ हामीले परराष्ट्रमन्त्रीज्यू भारत भ्रमणमा गएको बेला र त्यही तहमा भिजिट हुने भएकाले पनि उक्त प्रतिवेदन राखेको दराजको साँचो मात्रै बुझेका हौं।’

प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझ्नुपर्ने प्रावधान भए पनि हालसम्म दुवै देशका प्रधानमन्त्रीले बुझेका छैनन्। यद्यपि, ईपीजीमा समेटिएका विषयमा विज्ञ र नेपालको तर्फबाट र भारतका तर्फबाट सहभागीले भनेका कुरा मात्र सार्वजनिक छन्।

नेपाल-भारत सम्बन्धको इतिहासमा ईपीजी रिपोर्ट जति धेरै चर्चा भएको तर कार्यान्वयनमा जान नसकेको अर्को दस्ताबेज विरलै भेटिन्छ। २०७३ सालमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सहमतिमा गठन



गरिएको यो समूहले दुई वर्षको अध्ययन, अनुसन्धान, परामर्श र बहसपछि सन् २०७५ मा प्रतिवेदन तयार गर्‍यो। तर, प्रतिवेदन तयार भएको ८ वर्ष बितिसक्दा पनि यो प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक हुन सकेको छैन। कूटनीतिक अधिकारीहरूका अनुसार भारतले प्रतिवेदन ग्रहण नगरेका कारण यो दस्ताबेज अहिले पनि कूटनीतिक अन्योलको विषय बनेको भन्ने आरोप छ।

नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक रूपमा घनिष्ठ भए पनि समय-समयमा विभिन्न विवादहरू देखा पर्दै आएका छन्। विशेष गरी सन् १९५० को शान्ति तथा मैत्री सन्धि, खुला सीमा, व्यापार असन्तुलन, जलस्रोत, सुरक्षा सहयोग तथा सीमा विवाद जस्ता विषयहरूमा दुवै देशका दृष्टिकोण फरक हुँदै आएका थिए। ईपीजी प्रतिवेदन यस्तै अल्झन सुल्झाउनका लागि पनि बनाइएको हो।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण र त्यसपछिको उच्चस्तरीय संवादका क्रममा नेपाल-भारत सम्बन्धलाई नयाँ र बलियो बनाउने आवश्यकता महसुस गरेर ईपीजी गठन गरिएको हो। ईपीजीको उद्देश्य विगतका सबै द्विपक्षीय सन्धि, सम्झौता र सम्बन्धहरूको समीक्षा गरी भविष्यका लागि मार्गदर्शन तयार गर्नु थियो।

ईपीजी प्रतिवेदन बनाउने समितिमा नेपालका तर्फबाट डा. भेषबहादुर थापाको संयोजकत्वमा नीलाम्बर आचार्य, राजन भट्टराई, सूर्यनाथ उपाध्याय थिए। भारततर्फ भगतसिंह कोश्यारीको संयोजकत्वमा जयन्तप्रसाद, महेन्द्र पी. लामा, बीसी उप्रेती समूहले नेपाल र भारतमा गरी नौवटा औपचारिक बैठक सम्पन्न गरेको थियो। अन्ततः जुलाई २०१८ मा सर्वसम्मत रूपमा प्रतिवेदन तयार गरियो।

ईपीजीको सबैभन्दा महत्त्वपूर्ण काम सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको पुनरावलोकन गर्नु नै थियो। १९५० को सन्धि नेपालका तत्कालीन प्रधानमन्त्री मोहन शमशेर र भारतीय राजदूत चन्द्रेश्वर नारायण सिंहबीच हस्ताक्षर भएको थियो।

यसले दुवै देशबीच खुला सीमा, स्वतन्त्र आवतजावत, व्यापारिक सुविधा तथा सुरक्षा सहयोगलाई संस्थागत गरेको थियो। नेपालमा लामो समयदेखि यो सन्धिलाई असमान सन्धि भन्ने राजनीतिक धारणा रहँदै आएको छ।

» बाँकी पृष्ठ ६